# स्थानीय पाठ्यक्रम निर्माण प्रक्रियाको अवस्था, समस्या र समाधानका उपायहरू

DOI: https://doi.org/10.3126/tej.v13i1.81675

**मेनुका सुवेदी**

*गोरखा क्याम्पस, गोरखा*

menuka.subedi@gc.tu.edu.np

**Article History**

| Received | Revised | Accepted |
|---|---|---|
| 1st January, 2025 | 2nd February, 2025 | 2nd March, 2025 |

**लेखसार**

स्थानीय पाठ्यक्रम भन्नाले स्थानीय आवश्यकता, सन्दर्भ एवम् सरोकारवालाको सक्रिय सहभागितामा स्थानीय तहमा विकास तथा कार्यान्वयन गरिने पाठ्यक्रम हो । यो अध्ययनले गोरखा नगरपालिकामा स्थानीय पाठ्यक्रम निर्माण प्रक्रिया र कार्यान्वयनको अवस्था कस्तो रहेको छ र निर्माण प्रक्रियामा देखिएका समस्याहरु के के रहेछन् र समाधानका उपायहरु के के हुन सक्छन् भनी खोजी गर्ने उद्देश्य राखेको छ । यो पाठयक्रम स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन निर्देशिका २०७६ (पा.वि.के.,२०७६) अनुसार स्थानीय पाठ्यक्रम सम्बन्धि विज्ञहरुसँगको समन्वय, सल्लाह र सुझाव बमोजिम निर्मित पाठ्यक्रम हो भनिए तापनि यहाँका विज्ञहरुलाई नै समावेश गरेर पाठ्यक्रम बनाई कार्यान्वयन गर्ने गरेको भने कमै मात्र पाइन्छ । यो अध्ययन गुणात्मक अनुसन्धान ढाँचा अन्तर्गत घटना अध्ययन विधिमा आधारित छ भने गोरखा नगरपालिकालाई  उद्देश्यमुलक नमुना छनौट विधिबाट अध्ययन क्षेत्रको रुपमा छनोट गरिएको छ । छनोटमा परेका विद्यालयका विषय शिक्षक, प्र.अ., स्थानीय बुद्धिजिवीहरु र नगरपालीकाका शिक्षा शाखा प्रमुखसँग खुल्ला अन्तरवार्ता र लक्षित समूह छलफल गरी तथ्यांकहरु संकलन गरिएको थियो। यो पाठ्यक्रममा स्थानीय प्रकृति, वातावरण, जनजीवन, संस्कृति तथा आवश्यकतामा संवेदनशील विषयवस्तुहरु समावेश गर्न सक्ने पर्याप्त सम्भावनाहरु विद्ययमान छन्। यद्यपि गोरखा नगरपालिकाले कक्षा १ दखि ८ सम्मलाई एउटै सोलोडोलो पाठ्यक्रमको खाका निर्माण गरी कार्यान्वयन गरिरहेको पाइयो भने स्थानीय आवश्यकताका ज्ञान, सीप, प्रविधि आदिमा आधारित स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा विद्यमान संरचनात्मक र कार्यगत चुनौतिहरु रहेको देखियो । यस पालिकाले प्रभावकारी स्थानीय पाठ्यक्रम निर्माण गर्नको लागि दक्ष सीपयुक्त जनशक्ति, प्राविधिक मार्गदर्शन, स्थानीय आवश्यकता पहिचान गर्ने अध्ययन, सरोकारवालाहरुको व्यापक सहभागिता तथा समन्वय, आवश्यक स्रोतसाधनहरुको सुनिश्चितता, स्थानीय निकायबाट पर्याप्त बजेटको व्यवस्थापन, कर्मचारी व्यवस्थापनमा सुधार र अभिभावक तथा समुदायमा स्थानीय ज्ञान, सीप र संस्कृतिको महत्वका बारेमा जागरुकता बढाउन अपरिहार्य रहेको निष्कर्ष निकालिएको छ ।

**मुख्य शब्दावलीहरुः** घटना अध्ययन, चुनौति, निर्देशिका, मातृभाषा, स्थानीय पाठ्यक्रम

## अध्ययनको पृष्ठभूमि

स्थानीय सरोकारवालाको सहभागितामा स्थानीय आवश्यकता अनुसारका विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो (प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२)। विश्वव्यापी रुपमा सोच राखी स्थानीय रुपमा कार्यान्वयनमा ल्याऊ भन्ने अवधारणालाई मूर्त रुप दिइ स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइएको हो। स्थानीय पाठ्यक्रमलाई शैक्षिक विकेन्द्रीकरणको उपजको रुपमा पनि लिन सकिन्छ। साथै विश्वव्यापीकरणको पभावको कारण स्थानीय वा मौलिक पकृतिका ज्ञान, सीप लोप हुने सम्भावना बढेको हुँदा स्थानीय पाठ्यक्रम आवश्यक भएको हो (भट्टराई र जि.सी.,२०७९)। स्थानीय पाठ्यक्रमले स्थानीय स्तरमा रहेका विषयहरुलाई स्थान दिई त्यसलाई संरक्षण एवम् नयाँ पुस्ताहरुमा हस्तान्तरण गर्ने कार्यमा समेत योगदान पुऱ्याउँछ। स्थानीय पाठ्यक्रमले मूलतः स्थानीय आवश्यकता तथा सन्दर्भ, स्थानीय सहभागिता, स्थानीय विषयवस्तु र स्थानीय विज्ञतालाई समेटेको हुनुपर्दछ (आचार्य, २०७६)। स्थानीय पाठ्यक्रम निर्माण प्रक्रियामा विद्यालय तह गाउँपालिका/नगरपालिका तह, जिल्ला तह, प्रादेशिक तह र केन्द्रीय तहको आफ्नो-आफ्नो भूमिका रहने गर्दछ। स्थानीय सरोकारवालाले आवश्यक ठानेका विषय वस्तुलाई समेटी उनीहरुकै स्रोत, विज्ञता र सक्रिय सहभागितामा तयार परिएको पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो (निउरे, २०७१)। यसले समुदायको आवश्यकताका साथै सिकारुको रुचि, उमेर, स्तर र स्रोत साधनलाई विशेष ध्यान दिन्छ। स्थानीय पाठ्यक्रमले नयाँ सीप र प्रविधिलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारसम्म पुऱ्याउन सहयोग गर्छ। यसले वातावरण तथा ग्रामीण जनजीवनको संरक्षणका लागि समुदायलाई सचेत र सक्रिय बनाउने तर्फ जोड दिँदै सामाजिक आवश्यकता, सामाजिक मुद्दा, सामाजिक विचार, भविष्यपरक दृष्टिकोणमा समेत सचेतना विकास गर्दछ। नेपालको सन्दर्भमा वि.स. २०४९ सालको प्राथमिक शिक्षा पाठ्यक्रमले प्राथमिक तहमा १०० पूर्णाकको आवश्यकता अनुसार स्थानीय विषयको रुपमा अन्य कुनै विषय छनौट गरी पठनपाठन गर्नु पर्ने व्यवस्था गरिएबाट स्थानीय पाठ्यक्रमको शुरुवात भएको देखिन्छ। त्यसै गरी वि.स.२०६घ को राष्टिय पाठ्यक्रम प्रारुप र वि.स. २०७६ को विद्यालय शिक्षाको राष्टिय पाठ्यक्रम प्रारुपले शैक्षिक क्षेत्रमा देखिएका शैक्षिक मुद्दा र चुनौतीहरुलाई सम्वोधन गर्न स्थानीय आवश्यकतामा आधारित शिक्षालाई जोड दिएको पाइन्छ ( भट्टराई र जि.सी.,२०७९) । यस सन्दर्भमा स्थानीय निकायलाई सचेत, जागरुक एवं क्रियाशील बनाई देशको समग्र विकासमा टेवा पुर्‍याउन स्थानीय निकाय मार्फत स्थानीय पाठ्यक्रमा निर्माण गरी कार्यान्वयन हुदै आएको छ।

'स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय इतिहास तथा संस्कृति, संस्कृत भाषा र स्थानीय ज्ञान, सीप, कला तथा प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप पर्ने छन् भने स्थानीय विषयको पाठ्यक्रम र पाठयसामग्री विद्यालयले स्थानीय तहको सहयोग र समन्वयमा स्थानीय विज्ञ तथा अभिभावकको संलग्नतामा विकास गरी कार्यान्वयनमा ल्याउने छ' (राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६)। यसको अर्थ स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनको मुख्य जिम्मेवार निकाय सम्बन्धित गाउँपालिका तथा नगरपालिका देखिन्छ। स्थानीय सरोकारवालाले आवश्यक ठानेका विषय वस्तुलाई समेटी उनीहरुकै स्रोत, विज्ञता र सक्रिय सहभागितामा तयार परिएको पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो (निउरे, २०७१)। यसले समुदायका आवश्यकताका साथै सिकारुको रुचि, उमेर, स्तर र

स्रोत साधनलाई विशेष ध्यान दिन्छ । स्थानीय पाठ्यक्रमले नयाँ सीप र प्रविधिलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारसम्म पुऱ्याउन सहयोग गर्छ । यसले स्थानीय वातावरण तथा ग्रामीण जनजीवनको संरक्षणका लागि समुदायलाई सचेत र सक्रिय बनाउने तर्फ जोड दिँदै सामाजिक आवश्यकता र मुद्दा, सामाजिक विचार, भविष्यपरक दृष्टिकोणमा समेत सचेतना विकास गर्दछ । यो पाठ्यकमको उदेश्यमा सांस्कृतिक संरक्षण प्रवर्दन, सामुदायिक आवश्यकताको सम्वोधन गर्नु, व्यवहारिक र जीवनोपयोगी शिक्षा प्रदान गर्नु, शिक्षामा स्थानीय सहभागिताको वढाउनु, पर्यावरणीय चेतना र संरक्षण, राष्ट्रिय पाठ्यकमको पुरक पाठ्यक्रम वन्नु आदि रहेका छन । Freire (1970) का अनुसार स्थानीय पाठ्यकमले सिकाइलाई समुदायको सामाजिक, साँस्कृतिक र आर्थिक सन्दर्भमा आधारित वनाउनुपर्छ। उनले शिक्षा प्रणालीले वाह्य या प्रभुत्वशाली ज्ञान मात्र नथोपरी स्थानीय जनताको जीवन अनुभव, भाषा, र संस्कृतिलाई पाठ्यकममा समावेश गर्नुपर्छ भन्नेमा जोड दिन्छन । यस्तो शिक्षा प्रणालीले सिक्ने व्यक्तिलाई आफ्नो समाज वुझ्न, प्रश्न गर्न र रुपान्तरण गर्न सक्षम वनाउँछ। त्यसैले उनको दृष्टिकोणमा स्थानीय पाठ्यकम मुक्तिको औजार हुनुपर्छ, दमनको होइन ।

स्थानीय स्तरमा स्थानीय आवश्यकताका विषयवस्तुहरु समेटी स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नु चुनौती पूर्ण रुपमा मानिन्छ । स्थानीय पाठ्यक्रम निर्माणका लागि दक्ष, सीपयुक्त जनशक्तिको अभाव, स्थानीय सरोकार वालाहरुको यस प्रति अनविज्ञता जस्ता समस्याहरुले स्थानीय पाठ्यक्रमको विषयमा अन्योलता रहेको र स्थानीय तहले स्थानीय पाठ्यक्रमको ठाँउमा ऐच्छिक अंग्रेजी, कम्प्युटर जस्ता विषयहरु अध्ययन अध्यापन गराइरहेका पनि छन् । अर्को तर्फ वर्तमान शिक्षाको नयाँ संरचना अन्तर्गत कक्षा १ देखि कक्षा ८ सम्मलाई आधारभूत शिक्षा र ९ देखि १२ कक्षा सम्मलाई माध्यमिक शिक्षा मानिएको छ । शिक्षामा समय सान्दर्भिक परिवर्तनको बहसहरु भइरहेका छन् । राज्यले कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम बनाउने अधिकार स्थानीय तहलाई दिएको छ । स्थानीय तहले अधिकार क्षेत्र भित्र रहेर आवश्यकता अनुसार १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरी पठनपाठन गर्न पाउने विशेष अधिकार पाएका छन् । यस सन्दर्भमा गोरखा नगरपालिका गोरखाको आफ्नो नगर क्षेत्रभित्रका विद्यालयहरुमा एउटै खालको स्थानीय पाठ्यक्रम लागू गर्न शैक्षिक सत्र २०७८ बाट कक्षा १ देखि ३ सम्म शुरु गरी लागू गरेको र कक्षा ४ देखि कक्षा ८ सम्म शैक्षिक सत्र २०७९ बाट शुरु गरी क्रमश लागू गरिरहेको छ । गोरखा नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले कक्षा १ देखि कक्षा ८ सम्म स्थानीय पाठ्यक्रम पढाउने विषयवस्तु समेटेको एउटा सोलोडोलो मेरो गोरखा हाम्रो गोरखा नाम गरेको पाठ्यक्रम मात्र निर्माण गरेको तर अहिले सम्म पनि पाठ्यपुस्तक बनाई सबै विद्यालयका बालबालिकाहरुको हातहातमा पुर्‍याउन सकिरहेको छैन । स्थानीय पाठ्यक्रमसँग सम्बन्धित विज्ञहरुसँगको समन्वय, राय सल्लाह र सुझावबाट निर्मित पाठ्यक्रम हो भनिए तापनि यहाँका विज्ञहरुलाई नै समावेश गरेर पाठ्यपुस्तक बनाई कार्यान्वयन गर्ने गरेको भने कमै मात्र पाइन्छ । यस अर्थ यो अध्ययनले उक्त नगरपालिकामा स्थानीय पाठ्यक्रम निर्माण प्रक्रियाको कार्यान्वयनको अवस्था कस्तो रहेको छ र निर्माणमा देखिएका समस्याहरु के के छन् र तिनको समाधानका उपायहरु के के हुन सक्छन् भनी खोजी गर्ने उद्देश्य राखेको छ । स्थानीय पाठ्यक्रम स्थानीय मौलिक ज्ञानबाट निर्देशित हुने गर्दछ । स्थानीय पाठ्यक्रमलाई समयमा नै निर्माण गरी कार्यान्वन गर्न सकेमा यसले हाम्रा मौलिक ज्ञानलाई विश्वव्यापीकरण गर्न पनि सजिलो

हुन्छ । त्यसकारण यो पाठ्यक्रम निर्माण गरी कार्यान्व्यिन गर्नका लागि निर्देशिका नै तयार गरे पनि हाल सम्म पनि प्रभावकारी ढंगले पाठ्यक्रम निर्माण गरी कार्यान्वयन हुन नसकेको परिप्रेक्षमा यो अध्ययन अपरिहार्य रहेको छ । पाठ्यक्रम विद् टावाका भनाईमा पाठ्यक्रमको विकास प्रक्रियामा पाठ्यक्रम कार्यान्वयन गर्ने व्यक्तिको उपस्थिति अनिवार्य रुपमा हुनुपर्दछ किनकि उनीहरुलाई कक्षाकोठाको वास्तविकताका बारेमा बढी ज्ञान हुने बारे वर्णन गरिएको छ । कक्षाकोठामा शिक्षकको उपस्थितिमा वास्तविकताहरुलाई प्रतिबिम्बित गर्न सक्ने खालको पाठ्यक्रम निर्माण गर्न सकेमा उक्त पाठ्यक्रम बढी समय सान्दर्भिक हुने र त्यस्तो खालको पाठ्यक्रमले अपेक्षित रुपमा सफलता पनि प्राप्त गर्न सक्छ ।  (निउरे, २०७१) ।

पा.वि.केन्द्र, २०७१ को रिर्पोट अनुसार राष्टिय पाठ्यक्रमले स्थानीय पाठ्यक्रममा उल्लेख गरेका सबै क्षेत्रहरुलाई समेट्न नसक्ने उल्लेख गरेको छ । आधारभूत तहको शिक्षामा यसको आवश्यकता अनुसार पाठ्यक्रमले सामाजिक अध्ययन, रचनात्मक कला र शारीरिक शिक्षा जस्ता विभिन्न विषय क्षेत्रहरुसँग सम्बन्धित स्थानीय सामग्रीको अध्ययनको लागि २० प्रतिशतको भार व्यवस्था गरेको छ तर माध्यमिक तहमा यो छुट्याइएको छैन । यस वाहेक माध्यमिक तहमा पनि आश्यकता अनुसार १० देखि १५ प्रतिशत भार  छुट्याउनु पर्छ ( पा.वि.के.,२००७) ।

नेपालको संविधान २०७२ ले स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनको अधिकार स्थानीय स्तरलाई प्रदान गरेको छ तर धेरै कम विद्यालयले स्थानीय पाठ्यक्रम कार्यान्वयन गरेका छन । साथै मातृभाषामा प्राथमिक शिक्षा प्राप्त गर्ने, जात्ीय, भाषा, लिपी, संस्कृति र सांकृतिक सभ्यता र सांस्कृतिक सम्पदाको संरक्षण र विकास गर्ने अधिकार प्रदान गरेको छ ।

स्थानीय परिवेशमा रहेका विषयवस्तुहरुलाई समावेश गरी विद्यालय तहमा नियमित पठनपाठन गर्ने उद्देश्यले तयार पारिएको एउटा शैक्षणिक सामग्री नै स्थानीय पाठ्यक्रम हो । यसले स्थानीय क्षेत्रका प्राथमिकतापूर्ण विषयवस्तुहरुलाई समेट्छ र तिनीहरुलाई विद्यालयको नियमित कार्यक्रम अनुरुप कक्षा कोठामा पुऱ्याउँछ । यसमा विशेष गरी स्थानीय स्तरका प्राकृतिक, सांस्कृतिक, भाषिक एवम् ऐतिहासिक विषयवस्तुका साथै पेशा, व्यवसाय र विपद् व्यवस्थापन आदिसँग सम्बन्धित विषयवस्तुहरु समावेश गर्न सकिन्छ (हाम्रो बुढानिलकण्ठ) ।

फेरे (१९७०) को स्थानीय पाठ्यक्रम सम्बन्धित एउटा सिद्धान्त Critical Pedagogy मा आधारित छ जसमा पाठ्यक्रम कुनै निश्चित विषयवस्तुको सूची होइन, यो सिकारुहरुको स्थानीय अनुभव, भाषा, संस्कृति र आवश्यकता अनुसार तयार पारिने जीवित र लचिलो प्रक्रिया हो । उनले शिक्षा स्थानीय सन्दर्भमा  आधारित हुनु पर्ने र विद्यार्थीहरुलाई सामाजिक परिवर्तनको लागि सशक्त बनाउनु पर्नेमा जोड दिएका छन् । उनको दृष्टिकोणमा शिक्षक र विद्यार्थी संवाद मार्फत पाठ्यक्रम निर्माण गर्छन् जुन स्थानीय समस्याहरु, जीवनशैली र लक्ष्यहरुसँग सम्बन्धित हुन्छ । यसले शिक्षालाई जीवनसँग जोड्दछ र समुदायको विकामा योगदान पुर्याउछ । Giroux (१९९२) ले फ्रेरेको विचारलाई अझ अगाडि बढाउँदै विद्यालयलाई सांस्कृतिक तथा राजनीतिक अन्तरक्रियाको थलो मान्दछन् । उनले प्रस्ताव गरेको 'border pedagogy' का अनुसार विद्यार्थीका स्थानीय ज्ञान, जातीय पहिचान र व्यक्तिगत अनुभवहरू पाठ्यक्रमको केन्द्रमा हुनु पर्छ । उनको विचारमा शिक्षा राजनीतिक चेतना जागृत गर्ने माध्यम हुनुपर्छ,

जसले शक्ति र असमानता विरुद्ध आवाज उठाउन प्रेरित गर्न सकोस् ।

## अध्ययन विधि

यो अध्ययन गुणात्मक अनुसन्धान ढाँचा अन्तर्गत घटना अध्ययन विधिमा आधारित भएर गरिएको छ। यो अध्ययन गोरखा नगरपालिका र यसमा निहित दुईवटा सामुदायिक विद्यालयहरु श्री महालक्ष्मी माध्यमिक विद्यालय र श्री बालमन्दिर माध्यमिक विद्यालयलाई मात्र लिइएको छ। जसमा दुवै विद्यालयका प्रधानाध्यापक, २ जना सम्वन्धित विषय शिक्षक, वि.व्य.स.का अध्यक्ष १ जना, अभिभावक १ जना, यहाँका स्थानीय बुद्धिजीवी १ जना र यसै नगरपालिकाका स्थानीय शिक्षा अधिकारीलाई उद्देश्यमूलक नमुना छनोट बिधिवाट छनोट गरिएको छ । प्राथमिक (अर्ध संरचित अन्तरवार्ता) र द्धितिय तथ्यांक संकलनका स्रोतवाट संकलित सूचनाहरुलाई कोडिङ समूह निर्माण तथा थिम निर्माण गरी त्यसलाई व्याख्यात्मक विधिको उपयोग गरी विश्लेषण गरिएको छ ।

## स्थानीय पाठ्यक्रम विकास र प्रयोग सम्बन्धी नीतिगत व्यवस्था

राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०६३

नेपाल सरकारले विद्यालय शिक्षाको मूल दस्तावेजका रूपमा २०६३ सालमा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरेको थियो । पाठ्यक्रम स्थानीय आवश्यकतामा आधारित बनाउनुपर्ने कुराले विश्वव्यापी मान्यता पाइसकेपछि NCF ले स्थानीय पाठ्यक्रम सम्बन्धी विभिन्न व्यवस्थाहरु उल्लेख गरेको पाईन्छ जसमध्ये स्थानीय पाठ्यक्रमका सामान्य पथप्रदर्शनका सिद्धान्त तयार गर्ने र त्यसैका आधारमा थप विषयवस्तु स्थानीय तहमा समावेश गर्ने भनी व्यवस्था गरेको पाईन्छ । साथै केन्द्रीय पाठ्यक्रमको संरचनाका आधारमा निश्चित गरिएको पाठ्यभारका लागि विषय/विषयवस्तु छनोटदेखि सम्पूर्ण प्रक्रिया स्थानीय तहमा नै विकास र व्यवस्थापन गर्ने माध्यमबाट स्थानीय विषयवस्तु समावेश गर्न सकिने व्यवस्था पनि उल्लेख गरेको छ । स्थानीय तहमा नै स्थानीय परिवेश, व्यक्ति, समाज, राष्ट्र र विश्वव्यापी परिवेशलाई सम्बोधन गर्ने पाठ्यक्रमको विकास र व्यवस्थापन गर्न सकिने छ भनी उल्लेख गरिएको पाईन्छ (पाठ्यक्रम विकास केन्द्र, २०६३) ।

नेपालको संविधान २०७२

नेपालको संविधान २०७२ भाग ३ को धारा ३१ मा शिक्षा सम्बन्धी मौलिक हकको व्यवस्था रहेको छ। यस धाराको उपधारा ५ मा नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने छ भन्ने प्रावधान रहेको छ। यसलाई व्यवहारतःकार्यान्वयनका लागि स्थानीय पाठ्यक्रम मार्फत समाजमा रहेका भाषा,लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदालाई जगेर्ना गर्ने प्रकृतिको ज्ञान, सिप र प्रविधि विद्यार्थीलाई दिनु जरुरी छ । शिक्षालाई वैज्ञानिक, व्यावसायिक, ढ सिपमूलक र रोजगार मूलक एवमं जनमुखी बनाउदै सक्षम प्रतिस्पर्धी नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने ( धारा ५१ (ज)(१)) ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन

सम्बन्धी व्यवस्था गर्दै स्थानीय पाठ्यक्रमको कार्यान्वयन अवस्थालाई औंल्याएको छ । त्यस्तै उक्त ऐनमा स्थानीय स्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण गर्ने कुरा उल्लेख गरिएको छ ।

पन्ध्रौं योजना (२०७६/०७७-२०७९/०८०)

पन्ध्रौं योजनाको उद्देश्य प्राप्तिका लागि परिलक्षित मानव संसाधन, पूर्वाधार तथा प्रविधिको विकास र जीवनोपयोगी ज्ञान र सिपमा आधारित पाठ्यक्रम मार्फत सबै तहको शिक्षामा गुणस्तर, सुनिश्चित गर्ने रणनीतिलाई विद्यालय शिक्षाको पाठ्यक्रम र पाठ्यपुस्तक समयानुकूल परिमार्जन गरिएको छ साथै आधारभूत तहको कक्षा १-३ को एकीकृत पाठ्यक्रम कार्यान्वयन गर्दै आधारभूत तहको शिक्षण सिकाइका लागि आवश्यकता अनुसार माध्यम भाषाको रुपमा मातृभाषा वा स्थानीय भाषा वा नेपाली भाषा प्रयोग गर्ने व्यवस्था मिलाई संघीय तहबाट तोकिएको मापदण्ड बमोजिम विद्यालय तहको स्थानीय पाठ्यक्रम तथा पाठ्य सामाग्री स्थानीय तहबाट विकास गर्ने गरी स्थानीय तहको क्षमता विकास गरिने छ भन्ने कार्यनीति मार्फत प्राप्त गर्ने व्यवस्था गरिएको छ ।

प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ ले प्राथमिक तह (१-५) मा स्थानीय विषय/मातृभाषा विषयलाई पाठ्यभार ४ र पूर्णाङ्क १०० कायम गरेको छ । यसमा विद्यालयमा पठनपाठन हुने मातृभाषाको छनोट गर्दा बहुसङ्ख्यक विद्यार्थीले बोल्ने मातृभाषा छनोट गर्नुपर्ने छ त्यसैगरी मातृभाषाको पठनपाठन गराउन नसकिने विद्यालयमा स्थानीय तहका लागि उपयोगी पेसा व्यवसाय, धर्म, परम्परा, संस्कृति, रीतिरिवाज, स्थानीय सम्पदा, वातावरण संरक्षण, खेतीपाती, चाडपर्व, सामाजिक व्यवहार आदि स्थानीय विषय छनोट गरी पठनपाठन गराउन सकिने छ भनी व्यवस्था गरेको पाईन्छ । त्यसैगरी विद्यालय तहमा मातृभाषा वा स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्यसामग्री स्थानीय तहको सहयोग र पाठ्यक्रम समन्वय समितिको समन्वयबाट विद्यालयले पनि निर्माण गर्न सक्नेछ, त्यस्तै पाठ्यक्रममा स्थानीय अंशका रूपमा सामाजिक अध्ययन, सिर्जनात्मक कला र शारीरिक शिक्षा विषयको २० प्रतिशत पाठ्यभारको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालय आफैंले निर्माण गर्न सक्ने छन् र स्थानीय विषयको पाठ्यक्रम अन्तर्गत संस्कृतका विषयवस्तु पनि पठनपाठन गर्न सकिने छ भनी यस्ता विभिन्न व्यवस्थाहरु रहेको पाईन्छ (पाठ्यक्रम विकास केन्द्र, २०६२) ।

स्थानीय पाठ्यक्रमका सम्बन्धमा विद्यालय क्षेत्र सुधार कार्यक्रम (२०६६/०६७- २०७२/०७३) ले राष्ट्रिय पाठ्यक्रम प्रारुपलाई आधार मानी राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमको निर्माण गर्न सकिने त्यस्तै स्थानीय पाठ्यक्रम, कार्य लक्ष्य निर्धारण, विद्यालयको वार्षिक कार्य योजना, कक्षा कोठाको व्यवस्थापन तथा शैक्षणिक विधिका सम्बन्धमा विद्यालय तहमै निर्णय लिईने छ भनी निर्दिष्ट गरेको छ। यसका साथसाथै जिल्ला शिक्षा समिति र स्थानीय अधिकारीको परामर्श तथा राष्ट्रिय पाठ्यक्रम प्रारुपको मार्ग निर्देशनमा शिक्षा विकास तथा समन्वय इकाइले स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन सम्बन्धमा स्थानीय स्तरमा क्षमता अभिवृद्धि सम्वन्धी योजना निर्माण गर्ने व्यवस्था पनि उल्लेख गरिएको छ र अन्तिममा स्थानीय पाठ्यक्रमको विकास विद्यालय र सम्बन्धित स्थानीय निकायले स्थानीय तथा र ाष्ट्रिय मापदण्ड मिलाएर पनि गर्न सकिने छ भनी व्यवस्था मिलाएको पाईन्छ (नेपाल सरकार शिक्षा मन्त्रालय,

२०६६) ।

आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम २०६९ ले मातृभाषा वा स्थानीय विषय वा अन्य विषय भनी स्थानीय पाठ्यक्रमको लागि पाठ्यभार ५ र पूर्णाङ्क १०० कायम गरिएको छ । संस्कृत र गुरुकुल शिक्षातर्फ स्थानीय पाठ्यक्रमका बारेमा व्यवस्था गरिएको छैन भने गोन्पा तथा विहार शिक्षातर्फ स्थानीय विषय वा बौद्ध शिक्षा वा अन्य विषय भनी पाठ्यभार ५ र पूर्णाङ्क १०० कायम गरिएको छ। यी विषयलाई प्रष्ट पार्दै भनिएको छ विद्यालयमा पठनपाठन हुने मातृभाषाको छनोट पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक विकास तथा कार्यान्वयन स्थानीय निकायको परामर्शमा विद्यालय वा सम्बन्धित शैक्षिक संस्था आफैंले गर्न सक्ने छ, साथै स्थानीय विषयको हकमा स्थानीय तहका लागि उपयोगी सीप, धर्म, परम्परा, संस्कृति, रीतिरिवाज, स्थानीय सम्पदा, वातावरण संरक्षण, स्थानीय प्रविधि, चाडपर्व, सामाजिक व्यवहार आदि विषयवस्तुका बारेमा पनि विद्यालय आफैंले छनोट गर्न सक्ने छ भनी उल्लेख गरेको पाईन्छ । मातृभाषा र स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्यसामग्री स्रोत केन्द्रको सहयोग र जिल्ला पाठ्यक्रम समन्वय समितिको समन्वयमा विद्यालय आफैंले निर्माण गर्न सक्नेछन् र अन्य विषयका रूपमा कम्प्युटर तथा सूचना प्रविधि, सामाजिक शास्त्र अन्तर्गतका विषय, भाषा समूहका विषय, गणित तथा विज्ञान समूहका विषय, सङ्गीत, मूर्तिकला, काष्ठकला, मागमा आधारित विषयहरु पनि समावेश गर्न सकिने छ भन्ने जस्ता कुराहरु पनि यसले उल्लेख गरेको पाईन्छ (पाठ्यक्रम विकास केन्द्र, २०६९)।

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७५

यसमा स्थानीय आवश्यकताको पहिचानमा स्थानीय तहमा पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गर्न सकिने, त्यस्तै राष्ट्रिय पाठ्यक्रमको ढाँचाका आधारमा पाठ्यक्रमको स्थानीय तहमा अनुकूलन हुने गरी स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गर्न सकिने व्यवस्था उल्लेख गरेको छ । त्यसैगरी स्थानीय पाठ्यक्रममा आवश्यकतानुसार विषयवस्तुहरू परिमार्जन तथा सिकाइ उपलब्धिको मापन गर्ने कार्य स्थानीय तहबाट पनि गर्न सकिने छ भनी व्यवस्था गरेको छ । स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्दा बालकेन्द्रित, स्थानीय आवश्यकतामुखी हुने गरी लचकता प्रदान गरिनु पर्ने छ भनी व्यवस्था गरेको छ । त्यस्तै राष्ट्रिय पाठ्यक्रमको संरचनाभित्र रही स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनका लागि प्राविधिक तथा व्यवस्थापकीय रूपमा स्थानीय तहलाई सक्षम र जिम्मेवार बनाइँदै स्थानीय पाठ्यक्रम कार्यान्वयन, विद्यालयको वार्षिक कार्यक्रम, कक्षाकोठाको व्यवस्थापन तथा शैक्षणिक विधिका सम्बन्धमा विद्यालयले निर्णय लिने छ र स्थानीय पाठ्यक्रमको स्वीकृति प्रदेश वा स्थानीय तहमा रहने पाठ्यक्रमसम्बद्ध संरचनाबाट हुने छ भनी स्थानीय पाठ्यक्रमको वारेमा व्यवस्था गरेको छ (पाठ्यक्रम विकास केन्द्र, २०७५) ।

त्यसैगरी, वि.सं. २०७७ देखि कक्षा १ मा कार्यान्वयन प्रारम्भ भई चार वर्षमा कक्षा १-८ का सबै कक्षामा कार्यान्वयन हुने आधारभूत तहको पाठ्यक्रमअन्तर्गत कक्षा १-३ मा स्थानीय पाठ्यक्रमका लागि साप्ताहिक ५ पाठ्यघण्टा अर्थात् वार्षिक १६० घण्टा छुट्याइएको छ भने ४-८ कक्षा मा स्थानीय पाठ्यक्रमका लागि साप्ताहिक ४ पाठ्यघण्टा अर्थात् वार्षिक १६० घण्टा छुट्याइएको छ। कक्षा १-८ यो समयावधि मध्ये स्थानीय तहको समन्वयमा

विद्यालयले पूरै समय मातृभाषालाई वा केही समय मातृभाषालाई र अन्य समय कुनै अन्य एउटा स्थानीय विषयलाई पनि दिन सक्नेछन् । सामान्यतया कक्षा १-३ मा कम्तीमा २ देखि बढीमा ५ पाठ्यघण्टा तथा कक्षा ४-५ कम्तीमा २ देखि बढीमा ४ पाठ्यघण्टा कुनै एक मातृभाषा शिक्षण गर्ने व्यवस्था गर्नु उपयुक्त हुनेछ भनी उल्लेख गरेको पाईन्छ । त्यसैगरी कक्षा ६-८ मा भने स्थानीय आवश्यकता तथा मागका आधारमा स्थानीय तहको समन्वयमा विद्यालयले मातृभाषा, र अन्य कुनै एक स्थानीय विषय अध्यापन गराउन सक्ने व्यवस्था मिलाउन सकिने छ भनी उल्लेख गरेको छ (नेपाल सरकार शिक्षा मन्त्रालय, २०७६) । उक्त निर्देशिका (२०७६) ले स्थानीय तहको पाठ्यक्रम विशिष्ट प्रकृतिको हुनु पर्ने र त्यसका लागि चाहिने आवश्यक प्रक्रिया पनि उल्लेख गरेको पाइन्छ, जो निम्नानुसार उल्लेख गरेको छः

## स्थानीय पाठ्यक्रम विकास प्रक्रिया

पाठ्यक्रम विकास प्रक्रिया निरन्तर चलिरहने प्रक्रिया हो । पाठ्यक्रमलाई समय सापेक्ष बनाई समुन्नत बनाउदै ल्यैजानुपर्छ । केन्द्रीय पाठ्यक्रमले स्थानीय आवश्यकताका कुराहरुलाई समेट्न सक्दैन भन्ने मान्यताका आधारमा स्थानीय पाठ्यक्रम निर्माण गरिने भएकाले यसको आफ्नै किसिमको पद्धति र प्रक्रिया रहेको छ । स्थानीय पाठ्यक्रमलाई पनि औपचारिक विद्यालय शिक्षा पद्धतिबाट नै कार्यान्वयनमा ल्याउनु पर्ने भएकाले यसको निर्माण प्रक्रियामा धेरै पक्षहरुमा ध्यान दिनुपर्छ ।

स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वय निर्देशिका, २०७६ मा उल्लेख गरेका निर्माण प्रक्रियाका चरणहरु निम्नानुसार उल्लेखित छन्:

१. आवश्यकताको पहिचान
२. उद्देश्य निर्धारण
३. विषयवस्तुको छनोट र पाठ्यक्रम खाका तयारी
४. कक्षागत सिकाई उपलब्धिको निर्धारण
५. शैक्षिक सामग्री
६. शिक्षण सिकाइ क्रियाकलाप
७. विद्यार्थी मूल्यांकन
८. समय निर्धारण (पाठ्यभार)

## स्थानीय पाठ्यक्रम ढाँचा

स्थानीय पाठ्यक्रमले मूलतः स्थानीय आवश्यकता, सहभागिता, विषयवस्तु र विज्ञतालाई समेटेको हुनुपर्दछ । स्थानीय पाठ्यक्रम भनेको पनि राष्ट्रिय पाठ्यक्रमको एक अंश भएकाले यसको ढाचा र स्वरूप सामान्यतया राष्ट्रिय पाठ्यक्रमकै रूपमा राख्ने गरिन्छ तथापि स्थानीय ज्ञान सिपको उपयोग गरी फरक फरक ढाँचा हुदा पनि आपत्ति हुदैन । जुनसुकै पाठ्यक्रममा पनि पाठ्यक्रमका मुख्य सिद्धान्तलाई अवलम्बन गरिएको हुनुपर्दछ । तसर्थ स्थानीय पाठ्यक्रममा पनि पाठ्यक्रममा रहनुपर्ने उद्देश्य, विषयवस्तु, कक्षागत सिकाइ उपलब्धि, शिक्षण सिकाइ प्रकिया र मूल्याङ्कनका अंश रहनुपर्दछ । स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन निर्देशिका, २०७६ मा

उल्लेख गरिएको ढाँचा निम्नानुसार छः

१. परिचय

२. सक्षमता उद्देश्य

३. कक्षागत सिकाइ उपलब्धी

४. विषयवस्तुको क्षेत्र र क्रम

५. विषयवस्तुको विस्तृतीकरण

६. सिकाइ सहजीकरण प्रक्रिया

७. विद्यार्थी मूल्यांकन प्रक्रिया

स्रोतः स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन निर्देशिका, २०७६

## स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यन्वयनको अवस्था

स्थानीय पाठ्क्रम निर्माणको मुख्य जिम्मेवारी स्थानीय निकाय वा सम्बन्धित विद्यालयको हन्छ । प्रत्येक विद्यालयले आफ्नो परिवेश, वातावरण र आश्यकताका आधारमा स्थानीय पाठ्यक्रम निर्माण गर्नु पर्दछ तथापि मिल्दा जुल्दा विषयवस्तु भएका अवस्थामा भने दुई भन्दा बढी विद्यालयहरुको लागि एउटै पाठ्यक्रम निर्माण गरी लागू गर्न सकिन्छ । यस सन्दर्भमा मेरा उत्तरदाताहरुले दिएको प्रतिक्रिया भने यस्तो छः स्थानीय पाठ्यक्रको निर्माण र कार्यान्वयनका लागि प्राविधिक सहयोग प्रदान गर्ने उद्देश्यले पाठ्यक्रम विकास केन्द्रले स्थानीय पाठ्यक्रमका विविध नमुनासहित स्थानीय पाठ्यक्रम निर्देशिका २०६४, २०६९, स्थानीय पाठ्यक्रम स्रोत तथा प्रशिक्षण सामग्री २०६७, स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन निर्देशिका २०७६ आदि तयार गरेको छ तर पाठ्यक्रम विकास केन्द्रद्वारा तयार गरिएको स्थानीय पाठ्यक्रम निर्देशिका तथा स्रोत एवं प्रशिक्षण सामग्रीलाई नै अनुसरण गरी पूर्ण मात्रामा स्थानीय तहमा पाठ्यक्रम निर्माण गरिएको पाइँदैन । यो पालिकामा पनि पूर्ण अभ्यास भने छैन साथै हाम्रो विद्यालयमा पनि विद्यालयको छुट्टै स्थानीय पाठ्यक्रम निर्माण भने छैन । कतिपय स्थानीय तहका विद्यालयहरुले त पाठ्यक्रम विकास केन्द्रद्वारा मातृभाषामा तयार गरिएका विषयहरुलाई नै स्थानीय पाठ्यक्रमको रुपमा अध्यापन कार्य गराइरहेका पनि छन् (विषय शिक्षक) ।

उत्तरदाताको भनाई अनुसार नीतिगत रुपमा स्थानीय पाठ्यक्रमको निर्माणलाई प्राथमिकता दिदै निर्देशिकाहरु नै तयारी भए पनि व्यवहारिक रुपमा  तिनीहरुलाई अनुसरण गरी हरेक विद्यालयमा स्थानीय पाठ्यक्रमको निर्माणको अभ्यास खासै भएको देखिएन ।

स्थानीय पाठ्यक्रमको निर्माणको अभ्यासलाई हेर्ने हो भने यस गोरखा नगरपालिका गोरखामा स्थानीय पाठ्यक्रम निर्माणको लागि खास अभ्यास भएको अवस्था छैन । कुनै पनि स्थानीय तहले आफ्नो स्थानीय पाठ्यक्रम निर्माणको लागि केन्द्रीय पाठ्यक्रमको निर्माण प्रक्रियामा नै रहेर अथवा स्थानीय पाठ्यक्रम निर्देशिकाहरुले तयार पारेको प्रक्रियाको आधारमा स्थानीय पाठ्यक्रम निर्माणका आधारहरुलाई लिइ पाठ्यक्रम निर्माणको अभ्यास गर्नुपर्ने हुन्छ । यस सन्दर्भमा एक उत्तरदाताको भनाई यस्तो थियोः

कुनै पनि स्थानीय तहले स्थानीय पाठ्यक्रम निर्माण गर्दा प्राठ्यक्रमाको वारेमा प्रबोधिकरण, तालिम सञ्चालन,

सीपयुक्त दक्षजनशक्ति निर्माण गर्ने, तालिम प्रदान गर्ने, समाजका विभिन्न आवश्यकताहरु पहिचान हुने खाल्का विविध कार्यहरु गर्न सर्भे सञ्चालन गर्ने, शिक्षा पाठ्यक्रमसँग सम्बन्धित जनभावनाहरु सङ्कलन गर्ने, पाठ्यक्रमसँग सम्बन्धित विभिन्न विज्ञहरुको भेला आयोजना गर्ने, साथै विभिन्न समयमा बैठक सञ्चालन गरी उपयुक्त राय, सल्लाह एवं सुझावहरु संकलन गर्ने जस्ता कार्यहरुको अभ्यास गर्नुपर्ने हुन्छ । तर यो पालिकाले एक पटक भेला आह्वान बाहेक कुनै पनि कार्य अहिलेसम्म गरेको अवस्था छैन । त्यही भेलाको आधारमा सोलो डोलो सामान्य पाठ्यक्रमको रुपरेखा कोरेको थियो तर कक्षागत रुपमा पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गरी कार्यान्वयन गरेको अवस्था भने छैन । हामीले पनि जसोतसो चलाएका मात्र छौ (विद्यालय, प्र.अ.)।

उत्तरदाताले व्यक्त गरेको विचार अनुसार स्थानीय पाठ्यक्रम निर्माण गर्दा अपनाउनु पर्ने प्रक्रियावारे यथेष्ट जानकारी भएको तर कार्य भने नभएको बुझिन्छ । पालिकाले गर्नुपर्ने तर नगरेको जस्तो गरी आफू पनि जिम्मे वार व्यक्ति हुँदा हुँदै पन्छिन खोजेको देखिन्छ । यसरी हेर्दा विद्यालय प्र.अ.हरुलाई पनि स्थानीय पाठ्यक्रम प्रतिको अपनत्वको भावना विकास गर्नु पर्ने देखिन्छ ।

स्थानीय पाठ्यक्रम निर्देशिका २०७६ मा स्थानीय पाठ्यक्रम स्थानीय आवश्यकताका विषयवस्तुहरुलाई समेटेर निर्माण गरिने हुनाले स्थानीय स्तरका उद्योगी व्यवसायीहरु र बुद्धिजीवीहरु सम्बन्धित विषयका लागि विज्ञ व्यक्ति जस्तै हुने गर्दछन् । उनिहरुसँग पनि व्यापक छलफल गर्न आवश्यक हुन्छ भनी उल्लेख गरेको छ । यस सन्दर्भमा लामो समय सेवा गरी सरकारी जागिरबाट अवकाश पश्चात् कृषि व्यवसायीको रुपमा परिचितको अनुभव यस्तो रहेको थियो:

स्थानीय पाठ्यक्रमले स्थानीय स्तरको मौलिक पहिचानलाई संरक्षण र सम्वर्धन गर्न सक्ने र यस्ता व्यवहारिक ज्ञानका विषयहरु पाठ्यक्रममा समावेश गरी अध्ययन गराउन पाए हाम्रा छोराछोरी पनि रोजगारका लागि विदेशिनुपर्ने अवस्था आउने थिएन कि ! स्थानीय ज्ञान सीपका कुराहरु हामीले हाम्रा सन्ततिहरुमा सहजै हस्तान्तरण गर्न सक्छौ । यसै गरी यहाँ व्यवसाय सञ्चालन गर्दै गर्दाका अनुभवहरु र आइपर्ने समस्याहरुको बारेमा जानकारी दिन सक्छौ तर अहिलेसम्म हामीलाई कुनै निकायले स्थानीय पाठ्यक्रम निर्माणको कुराहरु नउठाएको र हाम्रो आवश्यकता नै महसुस नगरेको जस्तो हुँदा कहिले निर्माण गर्छन् के गर्छन, म त यसमा अनविज्ञ छु (स्थानीय बुद्धिजीवी) ।

यसबाट के देखिन्छ भने यो नगरपालिकाले सम्बन्धीत सरोकारवाला पक्षसँग आवश्यक मात्रामा छलफल गर्ने, राय सुझाव लिने र आफ्नो परिवेश सुहाउदो स्थानीय पाठ्यक्रम बनाउनु पर्छ भन्ने सोच नगरेको हो कि जस्तो देखिन्छ ।

## प्राविधिक अवस्था

कुनै पनि पाठ्यक्रम निर्माण गर्ने कुरा त्यति सहज र सामान्य विषय भने होइन । विद्यालय तहको पाठ्यक्रम निर्माण गर्दा राष्ट्रको आवश्यकता, समाजको आवश्यकता, बाल मनोविज्ञान जस्ता विषयहरुलाई समेत ध्यान

दिएर पाठ्यक्रम निर्माण गर्नु पर्ने हुन्छ । अर्को तर्फ पाठ्यक्रम निर्माण गर्दा बाल मनोविज्ञान, सिकारुको क्षमता, रुची, आवश्यकता र उनीहरुको स्तरलाई ध्यानमा राखेर पाठ्यक्रमका विषयवस्तुहरुको छनौट गर्नुपर्ने हुन्छ । पाठ्यक्रम निर्माण गर्ने व्यक्तिमा यी सबै कुराको ज्ञान हुन आवश्यक हुन्छ । तसर्थ पाठ्यक्रम निर्माण गर्नु अघि पाठ्यक्रम निर्माणका लागि आवश्यक पर्ने सबै कुरामा ज्ञान सीप भएका विज्ञ प्राविधिकहरुको व्यवस्था गर्नुपर्न हुन्छ। पाठ्यक्रम निर्माणमा यस्ता प्राविधिक कुराहरुमा ज्ञान नभइ निर्माण गरिएका पाठ्यक्रमले सिकारुको इच्छा, आवश्यकता, चाहना जस्ता मनोविज्ञानका कुराहरुलाई समेट्न सकेको हुदैन भने अर्कातिर राष्ट र समाजको आवश्यकतालाई पनि यसले पूरा गर्न असमर्थ रहन्छ ।

यस सन्दर्भमा एक उत्तरदाताको भनाइ अनुसार गोरखा नगरपालिकाले स्थानीय पाठ्यक्रम निर्माणको लागि आवश्यक प्राविधिकहरुको व्यवस्था गरेको देखिएन भने स्थानीय स्तरमै रहेका जनशक्तिहरुसँग समन्वय गरेर तालिम प्रशिक्षणहरुको व्यवस्था गरी स्थानीय पाठ्क्रम निर्माणका लागि जागरुकता देखाएको पनि पाइदैन (विषय शिक्षक) । यसर्थ स्थानीय पाठ्यक्रम निर्माणको लागि यस स्थानीय तहले सर्वप्रथम दक्ष प्राविधिक जनशक्तिको व्यवस्था गर्नुपर्ने र पाठ्यक्रम निर्माण प्रक्रिया चाँडो अघि बढाउनु पर्ने देखिन्छ ।

## नगरपालिकाको भूमिका

राज्यको संघीय संरचना अनुसार नगरपालिका तहमा शिक्षा हेर्नका लागि नगर शिक्षा समिति रहेको हुन्छ । नगर क्षेत्रभरिका विद्यालयहरुको शैक्षिक गतिविधि, रेखदेख, सञ्चालन तथा सहजीकरण गर्नका लागि नगरपालिकामा छुट्टै शिक्षा युवा तथा खेलकुद शाखाको व्यवस्था रहेको छ । यस शिक्षा, युवा तथा खेलकुद शाखाको नगर क्षेत्रभरिका विद्यालयहरुको भौतिक तथा शैक्षिक व्यवस्थापन गर्ने, स्थानीय पाठ्यक्रम निर्माण गरी पाठ्यपुस्तकका लागि स्वीकृति दिने समेत अधिकार हुन्छ (निर्देशिका, २०७६)। यस सन्दर्भमा यस पालिकाका शिक्षा शाखा प्रमुख लगायत केही उत्तरदाताहरुसँग अन्तर्वार्ता गरिएको थियो, वहाँहरुका विचारलाई निम्नानुसार प्रस्तुत गरिएको छः

यस नगरपालिकाले आफ्नो नगर क्षेत्रभरिका विद्यालयहरुको आवश्यकता एउटै भएमा नगरपालिका तहले पाठ्यक्रम निर्माण गरी लागू गर्न स्थानीय पाठ्यक्रम निर्माणको लागि नगर क्षेत्रभरिका आवश्यकताहरु पहिचान गर्न सर्भे गर्ने, स्थानीय पाठ्यक्रमको विषयसँग सम्बन्धित रहेर अभिमुखीकरण तथा प्रबोधिकरण कार्यक्रम गर्ने, शिक्षासँग जोडिएका सरोकारवालाहरु सहितको भेला आयोजना गर्ने, छलफल तथा बैठक गर्नुपर्ने, उनीहरुका राय, सल्लाह एवं सुझावहरु संकलन गर्नुपर्ने जस्ता महत्वपूर्ण कार्यहरु गर्नुपर्ने हुन्छ । स्थानीय पाठ्यक्रम निर्माणको लागि आवश्यक बजेटको व्यवस्थापन, दक्ष जनशक्तिहरु र आवश्यक कर्मचारीहरुको व्यवस्थापन गर्नुका साथै पाठ्यक्रम निर्माण गर्नको लागि विषय विज्ञ तथा प्राविधिकहरुको टिमको व्यवस्थापन पालिका तहले गर्नुपर्ने हुन्छ । तर यो नगरपालिकाले स्थानीय पाठ्यक्रम निर्माणको लागि एक पटक सामान्य वैठक वाहेक अन्य प्रभावकारी हुने गरी कुनै पनि कार्यहरु अहिलेसम्म गर्न सकेको छैन, बरु स्थानीय वुद्धिजीवीले गोरखा जिल्लाका विषयवस्तुलाई समेटेर लेखे को पुस्तकलाई आाधार मानी हाल स्थानीय पाठ्यक्रको रुपमा कार्यान्वयन गरेको अवस्था छ (स्थानीय बुद्धिजीवी) । यस विषयमा अर्का उत्तरदाताका अनुसार स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनमा स्थानीय तहको मुख्य भूमिका हुने गर्दछ । राज्यले राखेको संरचना र नीति नियम अनुसार कार्य गर्नुपर्ने हो तर विविध कठिनाई, बजेट

तथा कर्मचारी व्यवस्थापनमा समस्या रहेको, केही कर्मचारी दरबन्दी खाली नै रहेको र सरकारी कर्मचारीहरु छिटै सरुवा जाने र अर्को नयाँ आउने क्रमले गर्दा पनि यस सम्बन्धी कुनै प्रभावकारी कार्यहरु गर्न नसकेको हो जस्तो लाग्छ । अर्कोतर्फ पा.वि.के.ले निर्देशिका वनाए पनि स्थानीय तहले खास नीति नियम नबनाएको र केन्द्रबाट कुनै अनुगमन पनि नगरिने हुँदा पाठ्यक्रम सम्बन्धि प्रभावकारी कार्य गर्न सकेको छैन (गोरखा नगरपालिकाका शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख) ।

उत्तरदाताहरुको भनाइ अनुसार यस पालिकाको शिक्षा शााखाले स्थानीय सरकार बनेको करिब ५ वर्षपछि विद्यालयका प्रधानाध्यापकहरु, जनप्रतिनिधिहरु र यहाँका शिक्षाविद् एवं बुद्धिजीवीहरुसँग एक पटक बैठक गरेर गोरखा नगरपालिकाभित्रका केहि विषयवस्तुहरु जस्तै धार्मिक क्षेत्र, नदी खोलानाला, जडीबुटी, तरकारी खेती, स्थानीय उद्योग व्यावसायहरु, र यसका महत्वलाई समेटेर स्थानीय पाठ्यक्रमलाई अगाडि बढाउन सामान्य छलफल गरेको तर औपचारिक रुपमा नै स्थानीय पाठ्यक्रमलाई मूर्त रुप दिन भने नसकेको पाइयो । हाल उक्त छलफलवाट बनेको सामान्य ड्राफ्टलाई आधार मानेर यस नगरपालिकाका अधिकांश विद्यालयहले कक्षा एक देखि आठ सम्म नै स्थानीय पाठयक्रमको नाममा एउटै खाल्को विषयवस्तु अध्यापन गर्ने गरेको पाईयो । स्थानीय पाठ्यक्रम निर्माणको लागि ठोस रुपमा संघीय नीति नियम बने पनि स्थानिय तहले खास नीति, नियमहरु बनाउन नसकेको र केन्द्रीय तहबाट अनुगमन समेत हुने नगरेको हुँदा अब आउने दिनहरुमा यस नगरपालिकाले पनि आवश्यक नियमहरु बनाएर उपयुक्त पाठ्यक्रम निर्माण गर्ने र पाठ्यपुस्तक नै बनाउने भन्ने गरेको देखियो ।

## स्थानीय पाठ्यक्रम निर्माणका समस्याहरु

देशमा विगत लामो समयदेखि नै प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा स्थानीय पाठ्यक्रम निर्माणको विषयमा नीतिगत अभ्यास हुदै आएको छ । वि.सं. २०६३ सालको राष्ट्रिय पाठ्यक्रम प्रारुप, स्थानीय पाठ्यक्रम निर्देशिका २०७६ आदिले स्थानीय पाठ्यक्रमलाई पाठ्यक्रमका संरचनागत रुपमा नै व्यवस्था गरेता पनि पाठ्यक्रम संरचनाले व्यवस्था गरे अनुसारको स्थानीय पाठ्यक्रमको निर्माण स्थानीय तहमा नगरिनु र सीमित मात्रामा गरिएका विद्यालयहरुमा पनि कागजमै मात्र सीमित रहनु प्रमुख समस्याको रुपमा रहेको छ । स्थानीय आवश्यकताको पाठ्यक्रम निर्माण गरिने अधिकार पाएता पनि पाठ्यक्रम निर्माणको सम्बन्धमा स्थानीय निकाय तथा सम्बन्धित विद्यालयहरुले विविध कारणहरुले पाठ्यक्रम निर्माण गरी पाठ्यपुस्तक समेत बनाउन नसकिरहेको अवस्था देखिन्छ । यस सन्दर्भमा यो अध्ययन क्षेत्रका अध्ययन नमुनामा परेका उत्तरदाताहरुसँगको अन्तरवार्तावाट प्राप्त तथ्यांकका आधारमा पाइएका समस्याहरु यस प्रकार रहेका छन्:

## नीतिगत समस्या

पाठ्यक्रम प्रारुप २०७३, राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, शिक्षा नीति २०७६ आदिले स्थानीय पाठ्यक्रम सम्बन्धी स्पष्ट नीति नियमहरु बनाई स्थानीय तहलाई मार्गदर्शन समेत गरेको छ तर यस स्थानीय तहले पाठ्यक्रम निर्माणको लागि आफ्नो स्पष्ट नीति नियमहरु बनाएको देखिएन । जसले गर्दा स्थानीय पाठ्यक्रम निर्माण भई

पाठ्यपुस्तक निर्माण कार्य पनि हुन सकिरहेको छैन । स्थानीय पाठ्यक्रम निर्माणको सन्दर्भमा राष्ट्रिय पाठ्यक्रम प्रारुपले पनि यति मितिसम्म पाठ्यक्रम निर्माण सँगै पाठ्यपुस्तक समेत निर्माण गरिसक्नुपर्ने भन्ने कुनै मिति नतोकेको र यसको लागि कुनै पनि निकायले अनुगमन र मूल्याङ्कन नगरेको हुँदा स्थानीय तहले यसको निर्माणमा हतारै नगरेको र जहिले गरे पनि हुने धारणाले ढिलासुस्ती गरेको हुनाले नीतिगत रुपमै मिति तोकिने प्रावधान हुनुपर्नेमा नभएकोले गर्दा पाठ्यपुस्तक निर्माणमा समस्या रहेको पाइएको छ ।

**प्राविधिक दक्ष जनशक्तिको अभाव**

पाठ्यक्रम निर्माण कार्य सामान्य विषय होइन । पाठ्यक्रम निर्माण गर्दा राष्ट्र र समाजको आवश्यकता तथा परिस्थितिाई मध्यनजर गर्दै बाल मनोविज्ञान, सिकारुको क्षमता, रुची, आवश्यकता र उनिहरुको स्तरलाई ध्यानमा राखेर पाठ्यक्रमका विषयवस्तुहरुको छनौट गर्नुपर्ने हुन्छ। पाठ्यक्रम निर्माण गर्ने व्यक्तिमा यी सबै कुराको ज्ञान हुन आवश्यक हुन्छ । त्यसर्थ पाठ्यक्रम निर्माण गर्नु अघि पाठ्यक्रम निर्माणका लागि आवश्यक पर्ने ज्ञान सीप भएका विज्ञ प्राविधिकहरुको व्यवस्था गर्न आवश्यक हुन्छ । त्यसर्थ स्थानीय पाठ्यक्रम निर्माणमा पनि यस्ता प्राविधिक पक्षको महत्वपूर्ण प्रभाव रहन जान्छ । यदि उपयुक्त तालिम, दक्ष मानव संसाधन र समन्वय नभएमा स्थानीय पाठ्यक्रम निर्माण प्रक्रिया जटिल र कमजोर हुन सक्छ । गोरखा नगरपालिका गोरखाले स्थानीय पाठ्यक्रम निर्माणको लागि त्यस्तो कुनै पनि प्राविधिकहरुको व्यवस्था गरेको देखिएन भने स्थानीय स्तरमै रहेका उच्च शैक्षिक संस्थासँग समन्वय गरी दक्ष जनशक्तिहरुको व्यवस्थापन गरेको पनि पाइएन । यसबाट के दखिन्छ भने स्थानीय पाठ्यक्रम निर्माणको प्रभावकारी कार्यान्वयनका लागि यस स्थानीय तहले आवश्यक पूर्वाधार, नीति तथा सीप विकासको कार्य चाँडो अघि बढाउनु पर्ने अवस्था रहेको छ ।

**तालिमको अभाव**

स्थानीय पाठ्यक्रम निर्माण गर्नका लागि स्थानीय स्तरका जनशक्तिहरुलाई पाठ्यक्रम विकास गर्न पाठ्यसामग्रीहरुको निर्माण तथा व्यवस्थापन गर्न साथै पाठ्यपुस्तक लेखनका लागि आवश्यक तालिम उपलब्ध गराउनु पर्ने हुन्छ । क्षमता विकास सिद्धान्त अनुसार कुनै पनि कार्य प्रभावकारी रुपमा कार्यान्वयन गर्न संस्थागत र व्यक्तिगत क्षमताको विकास अपरिहार्य ह्रुन्छ (मोर्गान, २००६) । तालिम भनेको क्षमता विकासको मुख्य उपकरण हो । तर यस अध्ययन क्षेत्रमा स्थानीय पाठ्यक्रम निर्माणका लागि सम्बन्धित व्यक्तिहरुलाई उचित तालिमको व्यवस्था नभएकाले तालिम प्राप्त जनशक्तिको अभावले स्थानीय पाठ्यक्रम सँगै पाठ्यपुस्तक निर्माणमा समस्या रहेको पाइयो ।

**छलफलको अभाव**

कुनै पनि क्षेत्रमा नवप्रवर्तन ल्याउनका लागि पहिला त्यस क्षेत्रका सरोकारवालाहरुलाई नवप्रर्वतनको बारेमा व्यापक छलफल गर्न गराउन आवश्यक हुन्छ। उचित छलफलको अभावमा कुनै पनि गर्न लागेको कार्य सफल हुन सक्दैन। गर्न लागेको कार्यको विषय के हो ? त्यस विषय लागू गर्न किन आवश्यक छ ? यसव्का फाइदा बेफाइदाहरु के–के छन् ? यी सबैको बारेमा आवश्यक जानकारी भएमा मात्र नयाँ कार्यका लागि सरोकारवालाहरु सक्रिय र जागरुक हुने गर्दछन् । स्थानीय पाठ्यक्रम निर्माण गर्दा पनि पहिला स्थानीय सरोकारवालाहरुमा स्थानीय पाठ्यक्रम भने

को के हो ? यो किन आवश्यक हुन्छ ? यसलाई कसरी निर्माण गर्ने ? कसले निर्माण गर्ने जस्ता विषयमा व्यापक छलफल गर्नु पर्नेमा यस अध्ययन क्षेत्रमा स्थानीय पाठ्यक्रम सम्बन्धी त्यस्तो धेरै छलफलका कार्यक्रमहरु नभएको जानकारी उत्तरदाताह्वरुबाट पाइयो ।

### आर्थिक समस्या

स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक विकासका लागि स्थानीय तहले नै आर्थिक तथा प्राविधिक व्यवस्थापन गर्नुपर्ने कुरा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले गरेको छ । तर यस अध्ययनको क्षेत्रमा पाठ्यक्रम निर्माण गर्न भनेर स्थानीय तहले छुट्टै बजेटको व्यवस्थापन गरेको पाइएन । स्थानीय तहको परामर्श र आर्थिक तथा प्राविधिक सहयोगमा विद्यालय स्वयंले पनि पाठ्यक्रम निर्माण गर्न सक्छन् भनेर उल्लेख भएता पनि उत्तरदाताको भनाई अनुसार यस स्थानीय तहले अहिलेसम्म स्थानीय पाठ्यक्रम निर्माण गर्न भनेर उचित बजेट व्यवस्थापन गरेको देखिएन । उत्तर दाताका अनुसार विद्यालय आफूले पाठ्यक्रम निर्माण गरेर लागू गर्न आवश्यक पर्ने वजेट तथा जनशक्ति जुटाउने देखि पाठ्यसामग्रीहरु, शिक्षण सामग्रीहरु निर्माण गर्न कठिन हुने समस्या रहेको पाइयो । यसबाट के स्पष्ट हुन्छ भने स्थानीय तह र विद्यालयहरुले आवश्यक आर्थिक व्यावस्थापनका लागि सहकार्य, स्थानीय नीतिगत स्पष्टता र प्राविधिक सहयोगको खाँचो महशुस गरेका छन । तसर्थ दीर्घकालीन दिगोपनका लागि स्थानीय पाठ्यक्रम विकासमा लक्षित बजेट व्यवस्थापन र श्रोत परिचालन रणनीति आवश्यक देखिन्छ ।

### कर्मचारी व्यवस्थापनमा समस्या

देश संघीय संरचनामा गएको लामो समय हुँदा पनि कतिपय स्थानीय तहमा कर्मचारी व्यवस्थापन प्रभावकारी रुपमा हुन सकेको पाइदैछ । समाजिक प्रणाली सिद्धान्त अनुसार कुनै पनि संस्था एक समन्वित प्रणाली हो, जहाँ एक उपप्रणालीको असफलताले सम्पूर्ण प्रणालीलाई नै प्रभावित पार्छ (पर्सन्स, १९५१) । यस सन्दर्भमा यो पालिकाका शिक्षा शाखा प्रमुखको भनाइ अनुसार दरबन्दीहरु खाली रहेको हुँदा कर्मचारीहरु कम र बढी प्रशासनीक कार्यको चाप बढेकोले अन्य कार्यहरुमा ढिलासुस्ती रहने समस्या एकातिर छ भने अर्कोतिर पुराना र अनुभवी कर्मचारीहरु च्यानल मिलाएर सरुवा भै अन्यत्र जाने प्रक्रिया र नयाँ कर्मचारी आउने अनि उनीहरुलाई जनसम्पर्क गर्न र कार्य समर्थन पाउनको लागि केही समय लाग्ने साथै पूर्ण रुपमा कार्य सम्पन्न गर्न नसक्दै सरुवा भै हाल्ने जस्ता समस्याले गर्दा पनि स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणमा समस्या देखिएको छ । यसवाट के निष्कर्ष निकाल्न सकिन्छ भने स्थानीय तहमा कर्मचारीहरु अन्य प्रशासनिक कार्यह्रुमा व्यस्त हुने, सकेसम्म स्थानान्तरण हुने जस्ता कार्यले ्स्थानीय पाठ्यक्रम नर्माणमा चाहिने निरन्तरता, समर्पण र समन्वयको अभाव रहेका कारण पाठ्यक्रम निर्माणमा समस्या रहेको छ ।

### अभिभावकको अंग्रजी भाषामा मोह

प्रत्येक अभिभावकले आफ्ना सन्तानको प्रगति र उज्वल भविष्यको कामना गर्दछन् । उनीहरु एकातिर आफ्ना नानीहरुले स्थानीय भाषा, संस्कृति, सीप, कला, व्यवसायका विषयहरुमा ज्ञान प्राप्त गरी सभ्य, सुसंस्कृत र व्यवहारिक बनुन भन्ने चाहान्छन् भने अर्कोतिर केही अभिभावकहरु आफ्ना बालबच्चाले अंग्रेजी र कम्प्युटर जस्ता

आधुनिक विषयमा ज्ञान सीप हासिल गरी विश्वव्यापी रुपमा फराकिलो समूदायमा बाँच्न सकून् भन्ने चाहान्छन् जसलाई स्थानीय विषयवस्तुहरुको केही महत्व छ जस्तो लाग्दैन किनकी यी स्थानीय भाषा र सीपका विषयहरुले बाहिरी समुदाय र विश्वसँग सम्पर्क गर्न गाह्रो हुने गर्दछ । अभिभावकहरु आधुनिक र सुधारिएको शिक्षा प्रणालीबाट लाभान्वित हुन चाहन्छन् । यसैले अभिभावकहरु आफ्ना नानीबाबुहरुलाई आफूले एक छाक खाएर भएपनि आधुनिक विषयहरु जस्तै अंग्रेजी र कम्प्युटर पढाई हुने विद्यालयहरुमा भर्ना गर्न चाहन्छन् । यसवाट स्थानीय पाठ्यक्रमको सट्टामा अंग्रेजी र कम्प्युटर विज्ञान विषयको महत्व मात्र अभिभावकहरुले बुझेको देखिन्छ जसका कारण स्थानीय पाठ्यक्रमका विषयहरु ओझेलमा परेको प्रष्ट हुन्छ ।

## समाधानका उपायहरु

Freire (1970) को 'Participatory and Dialogical Pedagogy' ले समुदाय, शिक्षक र नीति निर्माताबीच सशक्त संवादको माध्यमबाट समाधान खोज्न जोड दिन्छ। उनले पाठ्यत्रमलाई केवल जानकारी स्थानान्तरण गर्ने प्रक्रिया नभई परिवर्तनको माध्यमका रूपमा लिनुपर्छ, जसमा सबै पक्षको सक्रिय सहभागिता सुनिश्चित हुनुपर्छ भनेका छन्। यस सन्दर्भमा स्थानीय पाठ्यक्रम निर्माणमा देखिएका उल्लेखित समस्याहरू समाधान गर्नका लागि के कस्ता उपायहरु अपनाउन सकिन्छ भन्ने सन्दर्भमा सहभागीहरुलाइ लक्षित समूह छलफल गराइएको थियो । सहभागीहरुको दृष्टिकोण अनुसार स्थानीय पाठ्यक्रमको निर्माण तथा सफल कार्यान्वयनका लागि शिक्षकहरूलाई निरन्तर पेशागत विकास तालिम उपलब्ध गराउनु, स्थानीय निकायले प्राविधिक सहयोग र बजेट सुनिश्चित गर्नु, सरोकारवाला व्यक्ति तथा निकायहरुलाई आवश्यक छलफल गराउनु र अभिभावकलाई मातृभाषामा शिक्षाको महत्वबारे सचेतना प्रदान गर्नुका साथै भाषा र शिक्षाको सम्बन्धबारे संवेदनशीलता विकास गर्नु दीर्घकालीन समाधान हुने देखियो । त्यसैले सिद्धान्त र व्यवहारको संयोजनले स्थानीय सन्दर्भअनुसारको सान्दर्भिक, समावेशी र कार्यान्वयनयोग्य पाठ्यक्रम निर्माणमा सघाउ पुऱ्याउँछ । Fullan (2007) को 'Educational Change Theory' ले पनि विद्यालयस्तरमा परिवर्तन ल्याउन नेतृत्व, सहभागिता र क्षमता विकास अपरिहार्य रहेको उल्लेख गर्छ ।

## निष्कर्ष

स्थानीय पाठ्यक्रमले मूलतः स्थानीय प्रास्कृतिक ज्ञान, सीप, कला र संस्कृतिको संरक्षणमा जोड दिने गर्दछ साथै नयाँ ज्ञान, सीप र प्रविधिलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारसम्म पुऱ्याउन सहयोग गर्दछ । नेपालको संविधान २०७२, राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ र स्थानीय पाठ्यक्र निर्देशिका २०७६, तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ जस्ता नीतिगत दस्तावेजवाट स्थानीय तहलाई कक्षा १ दखि ८ सम्मको लागि स्थानीय पाठ्यक्रम विकास गर्ने विशेष अधिकार प्रदान गरेको छ । यो पाठ्यक्रममा स्थानीय प्रकृति, वातावरण, जनजीवन, संस्कृति तथा आवश्यकतामा संवेदनशील विषयवस्तुहरु समावेश गर्न सक्ने पर्याप्त सम्भावनाहरु विद्ययमान छन् । यद्यपि स्थानीय आवश्यकताका ज्ञान, सीप, प्रविधि आदिमा आधारित स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा विद्यमान संरचनात्मक र कार्यगत चुनौतिहरु समाधान गर्न आवश्यक देखिन्छ । स्थानीय पाठ्यक्रम निर्माण गर्नको लागि दक्ष

सीपयुक्त जनशक्ति, प्राविधिक मार्गदर्शन, स्थानीय आवश्यकता पहिचान गर्ने अध्ययन, सरोकारवालाहरुको व्यापक सहभागिता तथा समन्वय, आवश्यक स्रोतसाधनहरुको सुनिश्चितता, स्थानीय निकायमापर्याप्त बजेटको व्यवस्थापन, कर्मचारी व्यवस्थापनमा सुधार, स्थानीय पाठ्यक्रम निर्माण गर्न स्पष्ट स्थानीय ऐन, नियम निर्माण र अभिभावक तथा समुदायमा स्थानीय ज्ञान, सीप र संस्कृतिको महत्वका बारेमा जागरुकता बढाउनु अपरिहार्य देखिन्छ ।

स्थानीय पाठ्यक्रमको प्रभावकारी निर्माण र सफल कार्यान्वयनलले राष्टिय शिक्षाको लक्ष्यलाई टेवा पुर्‍याउनुका साथै स्थानीय जनजीवनलाई सम्बोधन गर्न सक्ने अभ्यासमा रुपान्तरण हुनेछ । स्थानीय पाठ्यक्रमका नाममा प्रयोग गरिने विषयवस्तु केवल सामाजिक अध्ययन वा जानकारीका लागि मात्र सीमित नभइ विज्ञान, प्रविधि, कृषि तथा अन्य जीविकोपार्जनसँग सम्बन्धित व्यवाहारिक ज्ञानका पक्षमा केन्द्रीत हुनु पनि महत्वपूर्ण देखिन्छ ।

**सन्दर्भसामग्री**

आचार्य, पद्मराज (२०७५), *माध्यमिक तह अध्यापन अनुमतिमत्र दिग्दर्शन,* काठमाडौंः पैरवी प्रकाशन ।
निउरे, ध्रुव प्रुसाद (२०७१), *पाठ्यक्रम योजना र अभ्यास,* काठमाडौंः क्वेस्ट प्रकासन ।
नेपाल सरकार (२०७२), *नेपालको संविधान २०७२,* काठमाडौः कानुन किताब व्यवस्था समिति ।
नेपाल सरकार (२०७६), *विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप,* पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।
पाठ्यक्रम विकास केन्द्र (२०६२), *प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ (कक्षा १ ३),* सानोठिमी, भक्तपुरः लेखक ।
पाठ्यक्रम विकास केन्द्र (२०६३), *राष्ट्रिय पाठ्यक्रम प्रारूप,* २०६३ सानोठिमी, भक्तपुरः लेखक ।
पाठ्यक्रम विकास केन्द्र (२०६९), *आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम २०६९,* सानोठिमी, भक्तपुरः लेखक ।
पाठ्यक्रम विकास केन्द्र (२०७५), *राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७५ सानोठिमी,* भक्तपुरः लेखक ।
पाठ्यक्र विकास केन्द्र (२०७६), *स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन निर्देशिका २०७६,* सानेठिमी, भक्तपुरः लेखक ।
बुढानिलकण्ठ, नगरपालिका (२०७९), *हाम्रो बुढानिलकण्ठ स्थानीय विषयको पाठ्यक्रम"* बुढानिलकण्ठ नगरपालिका, काठमाण्डौं ।
भण्डारी, कृष्ण (२०६९), *स्थानीय पाठ्यक्रम निर्माण र विकास प्रक्रिया (अप्रकाशित शोध),* त्रिभुवन विश्वविद्यालय, काठमाडौंः कीर्तिपूर ।
भट्टराई, होमनाथ र जि.सी.,कृष्ण बहादुर (२०७९), *पाठ्यक्रम अभ्यास (तेस्रो संस्करण),* काठमाडौंः जुपिटर प्रकाशन, बागबजार ।
Freire, P. (1970). *Pedagogy of the oppressed*. New York, NY: Herder and Herder.
Fullan, M. (2007). *The New Meaning of Educational Change* (4th ed.). New York: Teachers College Press.
Giroux, H. A. (1992). *Border crossings: Cultural workers and the politics of education*. Routledge.
Morgan, P. (2006). *The concept of capacity*. European Centre for Development Policy Management (ECDPM).
Parsons, T. (1951). *The social system.* Routledge and Kegan Paul.
www.onlinemajdoor.com, *Local curriculum possibility and challenge.*